नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय

राष्ट्रिय युवा परिषद

सानोठिमी, भक्तपुर, नेपाल

(.....शाखा)

सूचना। सूचना।। सूचना।।।

मितिः- २०८२।११।२६

ने. सं. ११४६ चिल्लागा ७, मंगलवार

विषयः- युवावाट उत्पादित सूचना प्रविधि तथा स्टार्टअप व्यवसाय प्रदर्शनीमा सहभागी हुने सम्वन्धमा।

प्रस्तुत विषयमा यस कार्यालयको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम वमोजिम कोशी प्रदेशको विराटनगरमा मिति २०८२।१२।२२ गते र मधेश प्रदेशको वीरगञ्जमा मिति २०८२।१२।३० गते युवावाट उत्पादित सूचना प्रविधि तथा स्टार्टअप व्यवसाय प्रदर्शनी आयोजना गर्नका लागि १५/१५ वटा व्यवसायहरू छनौट गर्नुपर्ने भएको हुनाले सम्वन्धित प्रदेशभित्र सूचना प्रविधि तथा स्टार्टअप व्यवसाय दर्ता गरी व्यावसाय सञ्चालन गरिरहेका १६ वर्ष पुरा गरी ४० वर्ष ननाघेका (आवेदन दिने अन्तिम दिन सम्म) युवा व्यवसयीहरूले २०८२।१२।०७ गतेसम्म यस कार्यालयको Website: https://www.nyc.gov.np/ मा उल्लिखित Online form Portal system मा आवेदन गर्नुहुन सूचित गरिन्छ। आवेदकहरूमध्येवाट प्रदर्शनीका लागि छनौट भएका १५ वटा व्यवसायीहरूलाई स्टल व्यवस्थापन वापत प्रति स्टल रु.१०,००० (दश हजार) र प्रदर्शनीमा सहभागी १५ वटा व्यसायीहरूमध्ये उत्कृष्ट भएका प्रथम, द्वितीय, तृतीय र सान्त्वना २ वटालाई क्रमशः ४० हजार, ३० हजार, २० हजार र १०/१० हजारका दरले प्रोत्साहन रकम प्रदान गरिनेछ।

तपसिलः-

कार्यक्रमको नामः- युवावाट उत्पादित सूचना प्रविधि तथा स्टार्टअप व्यवसाय प्रदर्शनी,

आवेदन गर्नुपर्ने अन्तिम मितिः- २०८२।१२।०७ गते शनिवार रातको १२:०० वजेसम्म,

कार्यक्रम हुने स्थानः- कोशी प्रदेशको विराटनगरमा मिति २०८२।१२।२२ गते र मधेश प्रदेशको वीरगञ्जमा मिति २०८२।१२।३० गते,

सम्पर्क फोन नं. ९८६३४६५५५६ (जानकारीका लागि), ९८४९३२५००९(IT Support का लागि)।

तारापति खरेल
उपसचिव

वेवसाइट :www.nyc.gov.np, इमेल : info@nyc.gov.np, ☎: 6630193 (फ्याक्स)
☎ : 6638152 (कार्यकारी अध्यक्ष), ☎ : 6635133(प्रशासकीय प्रमुख), ☎ : 6631276 (सहायता कक्ष)

CamScanner

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय

राष्ट्रिय युवा परिषद

सानोठिमी, भक्तपुर, नेपाल

(.....शाखा)

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
राष्ट्रिय युवा परिषद
सानोठिमी, भक्तपुर

च.नं. ८१/८३
स.नं. ५८५

मितिः- २०८२।११।२६
ने. सं. ११४६ चिल्लागा ७, मंगलवार

श्री युवा तथा खेलकुद मन्त्रालय,
सिंहदरबार, काठमाडौं, नेपाल।
श्री खेलकुद तथा समाज कल्याण मन्त्रालय,
मधेश प्रदेश, जनकपुरधाम।
श्री उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय,
मधेश प्रदेश, जनकपुरधाम।
श्री मधेश प्रदेश भित्रका स्थानीय तहहरू - सबै।
श्री वीरगंज उद्योग वाणिज्य संघ, वीरगंज, पर्सा।

विषयः- संलग्न सूचना तहाँको सूचनापाटी र Website मा राखिदिनु हुन।

प्रस्तुत विषयमा यस कार्यालयको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम मधेश प्रदेशको वीरगञ्जमा मिति २०८२।१२।३० गते मधेश प्रदेशस्तरीय युवाबाट उत्पादित सूचना प्रविधि तथा स्टार्टअप व्यवसाय प्रदर्शनीको आयोजना गरिने भएकोले संलग्न सूचना तहाँको सूचना पाटी र Website मा समेत राखिदिनु हुन अनुरोध छ। संलग्न सूचना मिति २०८२।११।२६ गतेको नयाँसडक दैनिक पत्रिकामा प्रकाशन गरिएको छ। साथै उक्त सूचना यस कार्यालयको Website र Facebook पेजमा समेत राखिएको व्यहोरा अनुरोध छ।

तारापति खरेल
उपसचिव

वेबसाइट :www.nyc.gov.np, इमेल : info@nyc.gov.np, ☎ : 6630193 (फ्याक्स)
☎ : 6638152 (कार्यकारी अध्यक्ष), ☎ : 6635133 (प्रशासकीय प्रमुख), ☎ : 6631276 (सहायता कक्ष)

CamScanner